PAN NO.: 303865986

Regd. No. 264594/77/078

# MENCHHIYAM HYDROPOWER LTD.

Lainchour, Kathmandu
Tel.: 4540465
Email: Menchhiyam@gmail.com
G.P.O.Box: 10756

मितिः २०८०/०८/१७

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

बिषय : जानकारी अनुरोध सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस मेन्छियाम हाईड्रोपावर लि. ले संखुवासभा जिल्लाको पिलुवा खोलामा प्रर्व गर्दै रहेको माथिल्लो पिलुवा खोला २ जलबिद्युत आयोजना (४.७२ मे.वा.) को आर्थिक वर्ष २०७९/०८० तेश्रो वार्षिक साधारणसभा यही मिति २०८० साल पौष २ गते हुन लागेको हँदा उक्त वार्षिक साधारण सम्बन्धी मिति २०८०/०८/१६ को राष्ट्रिय दैनिक पत्रिका नागरिकमा समेत प्रकासित गरिसकेको व्या जानकारी अनुरोध गर्दछु ।

भवदीय

सेबक पोखरेल
कम्पनी सचिव

Scanned with CamScanner

# मेन्छियाम हाईड्रोपावर लिमिटेड
# Menchhiyam Hydropower Ltd.

रजिष्टार कार्यालय : का.म.न.पा. वडा नं. २६, लैनचौर, काठमाण्डौ, फोन नं. ०१-४४४०४६५, ४४४०७०६
इमेल: menchhiyam@gmail.com, वेबसाइट: www.menchhiyamhydro.com

को

## तेश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

(दोश्रो पटक प्रकाशित मिति २०८०/०८/१६ गते)

**श्री आदरणीय शेयरधनी महानुभावहरु,**

मेन्छियाम हाईड्रोपावर लिमिटेडको सञ्चालक समितिको मिति २०८० मंसिर १० गते आइतबार बसेको बैठकको निर्णय अनुसार यस कम्पनीको तेश्रो वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि अनुरोध गर्दछौं ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०८० साल पौष २ गते (तदनुसार १८, डिसेम्बर, २०२३) सोमबार ।
**समय** : बिहान ९:०० बजे ।
**स्थान** : लैनचौर ब्याङ्क्वेट, लैनचौर, काठमाण्डौ ।

**तेश्रो वार्षिक साधारण सभाका प्रस्तावहरु:**

**(क) साधारण प्रस्तावहरु:**

१. तेश्रो वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. आ.व. २०७९/०८० को लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तसम्मको वासलात, आ.व. २०७९/०८० को वार्षिक नाफा/नोक्सान हिसाब विवरण तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसंग सम्वद्ध अनुसूचीहरु समेत छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८०/०८१ को लागि लेखापरीक्षण समितिको सिफारिस मुताविक लेखापरिक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने ।
४. सञ्चालकहरुको निर्वाचन सम्वन्धमा ।
५. विविध

सञ्चालक समितिको आज्ञाले,
**कम्पनी सचिव**

**वार्षिक साधारणसभा सम्बन्धी सामान्य जानकारीहरु :**

१ वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८०/०८/२४ गतेका दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिने छ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८०/०८/२२ गतेसम्म कारोबार भई, शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिन र मतदान गर्न योग्य हुनेछन् ।

२. शेयरधनी महानुभावहरुलाई वार्षिक साधारण सभाको सूचना सम्बन्धी कागजातहरु शेयरधनी लगतमा कायम रहेको ठेगानामा ईमेल मार्फत पठाईएकोछ । कारणवस कुनै शेयरधनी महानुभावहरुले वार्षिक प्रतिवेदन समयमा नै प्राप्त गर्नु नभएको भएमा कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा. वडा न. २६, लैनचौर, काठमाण्डौमा सम्पर्क गर्न सकिनेछ ।

३. वार्षिक साधारण सभामा भाग लिन ईच्छुक शेयरधनी महानुभावहरुलाई आफ्नो परिचय सहित उपस्थित हुन अनुरोध छ अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन । सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभाको दिन सभा शुरु हुनुभन्दा पहिले नै उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु हुन अनुरोध छ । हाजिरी पुस्तिका बिहान ८:३० बजे देखि सभा संचालन रहेसम्म खुल्ला रहने छ ।

४. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले आफ्नो सम्पूर्ण शेयरको एउटै प्रतिनिधि पत्र (प्रोक्सी फारम) भरी सभा शुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगाडि कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा. वडा नं. २६, लैनचौर, काठमाण्डौमा दर्ता गरिसक्नु पर्नेछ ।

५. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि वा प्रतिनिधि फेरबदल गर्न चाहेमा पनि सभा शुरु हुनु... कम्तीमा २४ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौमा प्राप्त हुने गरी सोको सूचना पठाउनु पर्नेछ । उक्त... कम्पनी विदा हुन गएमा पनि उल्लिखित प्रयोजनको लागि कम्पनी खुल्ला रहनेछ ।

६. शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएका जिज्ञासा, मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिका तर्फबाट सामूहिक रुपले वा संचालक समितिको अध्यक्ष वा अध्यक्षले तोकेको व्यक्तिले उत्तर दिन सक्नु हुनेछ ।

७. सभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको लैनचौर स्थित रजिष्टर्ड कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

८. कम्पनीको सर्वसाधारण शेयरधनीको तर्फबाट २ जना सञ्चालक निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतको कार्यालयबाट कम्पनीको सूचना पाटीमा प्रकाशित निर्वाचन कार्यक्रम अनुसार हुनेछ ।

९. सभामा आफनो लिखित राय, सुझाव राख्न चाहानु हुने शेयरधनी महानुभावहरुले उक्त राय, सुझाव कम्पनीको आधिकारीक ईमेलः menchhiyam@gmail.com मा पठाउन सक्नु हुनेछ ।

१०. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीका शेयर लागत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले र कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नु हुनेछ ।

११. शान्ति सुरक्षाका कारण साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई यथाशक्य झोला, ब्याग नल्याउनु हुन अनुरोध छ । सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले शेयरधनी महानुभावहरु लगायत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला, ब्याग र शरीर जाँच गर्न सकेछन् ।

१२. कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको संक्षिप्त वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन शेयरधनीहरुले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा यस संस्थाको रजिष्टर्ड कार्यालय का.म.न.पा. वडा नं. २६, लैनचौर, काठमाण्डौ तथा यस कम्पनीको शेयर रजिष्ट्रार एन आई सी एशिया क्यापिटल लिमिटेड चौथो तल्ला, ट्रेड टावर नेपाल, थापाथली-११, काठमाण्डौमा सम्पर्क राख्नु होला ।

**सच्याइएको:**

१. प्रथम पटक प्रकाशित यस कम्पनीको साधारण सभा सम्बन्धी सूचनामा शेयरधनी दर्ता पुस्तिका बन्द हुने मिति तथा वार्षिक साधारणसभा सम्बन्धी सामान्य जानकारीहरु छुट्न गएको हुँदा यसै सूचनामा समावेश गरि प्रकाशित गरिएको छ ।
२. प्रथम पटक प्रकाशित यस कम्पनीको साधारण सभा सम्बन्धी सूचनामा सभा हुने समय बिहान ९:०० बजे हुनुपर्नेमा अन्यथा हुन गएकोले यसै सूचना मार्फत सच्याइएको छ ।

Scanned with CamScanner